नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

## विपद सम्बन्धित बैठकका निर्णयहरु : २०७६/१२/१०

१. कोभिड- १९ को सङ्क्रमणको जोखिम बढ्दै गएको सन्दर्भमा सरकारी तथा निजी क्षेत्रबाट प्रवाह हुने अत्यावश्यक सेवा बाहेकका अन्य सबै सेवा हाललाई बन्द गरि सहयोग गर्न सबैमा अनुरोध गर्ने ।

२. अत्यावश्यक काम परेको अवस्थामा बाहेक घुमफिर नगर्न, सवारी साधन नचलाउन तथा घरबाट बाहिर ननिस्कन सर्वसाधरणलाई अनुरोध गर्ने ।

३. प्रत्येक स्थानीय तहमा रहेको विपद व्यवस्थापन समिति र वडा स्तरीय विपद व्यवस्थापन समितिलाई जिल्लास्तरमा गठन भएका विभिन्न समितिहरु तथा राजनैतिक दलहरुसँग समेत निरन्तर सम्पर्कमा रही सूचना प्रविधि र फोन सम्पर्कबाट एक आपसमा समन्वय गरी निम्नानुसार गर्ने गराउने व्यवस्था मिलाउन अनुरोध गर्ने ।

- बजारमा उपभोग्य सामग्रीको कृत्रिम अभाव सिर्जना गर्ने, जम्माखोरी, कालोबजारी एवं मिसावट गर्ने गराउने व्यक्ति,समुह वा संस्थालाई प्रचलित कानून बमोजिम तत्काल कडा कारबाही गरिने भएकाले त्यस्तो सूचना जिम्मेवार निकायलाई सूचित गराउनु हुन ।दैनिक उपभोग्य अत्यावश्यक सामाग्रीहरुको प्रयाप्त मौज्दात भएकोले आम उपभोक्ताले आफूलाई आवश्यक पर्ने परिमाणमा मात्र सामाग्री खरिद गर्ने र अनावश्यक संचय नगर्नु नगराउनु हुन सूचना जारी गर्ने सन्देशमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सीमा नाकाबाट आवगमन हुने यात्रुहरुको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखी संक्रमणबाट जोगाउन अनिवार्य रुपमा स्वास्थ्य जाँचको व्यवस्था कडा पारिएकोले अत्यावश्यक काममा बाहेक आबागमन नगर्ने व्यवस्थाको समन्वय गरिदिनु हुन ।
- सीमान्तकृत र विपन्न व्यक्तिहरुको पहिचान गरी व्यक्तिगत सरसफाइका सामानहरु मास्क,सनिटइजर, साबुन,सफा रुमाल लगायत सामाग्री वितरण गर्ने व्यवस्था मिलाउनु हुन ।
- सामाजिक एवम् सास्कृतिक रुपले मनाइने विभिन्न कार्यक्रमहरु आफ्नो परिवार भन्दा बाहिरको व्यक्तिलाइ उपस्थिति नगर्ने नगराउने तर्फ आवश्यक सूचनामूलक कार्यक्रम संचालन गर्ने ।
- कोभिड-१९ को शंकास्पद व्यक्तिलाई तोकिएको अस्पताल सम्म पुर्याउने व्यवस्था मिलाउने ।
- आफ्नो क्षेत्र भित्रका अत्यावश्यक बस्तु तथा सेवा सँग संबन्धित बाहेक अन्य व्यपारिक /सेवामूलक गतिविधीहरु हाल अर्को सूचना जारी नभएसम्मका लागि बन्द गराउन सहोयोग गर्ने साथै सूचनाको बर्खिलाफ हुने गरी भएका क्रियाकलापहरुलाई कानूनको परिधीमा ल्याउन सहयोग गर्ने ।
- प्रत्येक स्थानीय तहले न्यूनतम एकवटा क्वारेन्टाईनको व्यवस्था गर्ने ।
- प्रत्येक स्थानीय तहमा एक जना अधिकृत स्तरको कर्मचारीलाई २४ घण्टा सम्पर्कमा रहने गरी सम्पर्क व्यक्ति तोक्ने र समन्वयमा तीव्रता ल्याउने । स्थानीय तहमा संचालित स्वास्थ्य चौकीलाई २४ सै घण्टा खुला रहने व्यवस्था मिलाउने ।

प्रमुख जिल्ला ...

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

४. जिल्ला स्तरमा हुन सक्ने कोभिड-१९ सङ्क्रमण र त्यसको अवस्थालाई निरन्तर रुपमा समीक्षा गरी छिटो छरितो रुपमा आवश्यक निर्णय गर्न तपसिल वमोजिमको कोभिड-१९ सङ्क्रमण रोकथाम तथा नियन्त्रण विशेष समिति गठन गर्ने । यस समितिले विपद व्यवस्थापन समितिका अन्य सदस्यसँग फोन सम्पर्कमा रही समन्वयात्मक रुपले कार्य गर्ने अधिकार प्रत्यायोजन गर्ने ।

संयोजकः प्रमुख जिल्ला अधिकारी
सदस्यः प्रमुख सेनानी,भगवतीदल गण फुलबारी व्यारेक
सदस्यः प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय,कास्की
सदस्यः सशस्त्र प्रहरी उपरीक्षक, २४ नं गण हे.क्वा कालिका,कास्की
सदस्यः उप अनुसन्धान निर्देशक रा.अ.वि. जिल्ला कार्यालय,कास्की
सदस्यः अधिकृत प्रतिनिधि, पोखरा महानगरपालिका
सदस्यः कार्यालय प्रमुख,स्वास्थ्य कार्यालय, कास्की
सदस्यः सभापति,नेपाल रेडक्रस सोसाइटि जिल्ला शाखा,कास्की
सदस्य सचिवः सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय,कास्की

५. बजारमा अत्यावश्यक उपभोग्य सामाग्रीहरु (औषधी,खाद्यन्न,इन्धन,तरकारी तथा फलफूल र मासुजन्य) को सदा झै आपूर्तिको व्यवस्था मिलाउन र यस्ता सामाग्रीहरुको कृत्रिम अभाव, जम्माखोरी, कालोबजारी एवं मिसावट गर्ने कार्यलई नियन्त्रण गर्न तथा यस्ता अवाञ्छित क्रियाकलापमा संलग्न व्यक्तिहरुलाई कानूनी कारवाहीको दायरामा ल्याउन सहयोग गर्न आयल निगम प्रादेशिक कार्यालय पोखरा,पोखरा उद्योग वाणिज्य संघ तथा लेखनाथ उद्योग वाणिज्य संघ तथा अन्य सम्बद्ध संघ संस्थालाई अनुरोध गर्ने ।

६. रेडियो, टिभी, पत्रपत्रिका तथा सामाजिक सञ्जाल मार्फत सरकारी, निजी तथा स्वयंसेवी संगठनहरुबाट जारी भएका जनचेतना संवन्धी सही र आधिकारीक सूचना तथा जानकारीहरु सर्वसाधरण तहमा प्रवाह गर्ने व्यवस्था मिलाई सहयोग गर्न पत्रकार महासंघ कास्कीलाई अनुरोध गर्ने ।

७. गैर सरकारी क्षेत्रमा काम गर्ने सामाजिक संस्था एवं विभिन्न पेशागत स्वयं सेवी संस्थाको तर्फबाट संक्रमणको रोकथाम एवं नियन्त्रणमा सहयोग पुर्याउन इच्छुक संस्थाले सम्बन्धित स्थानीय तह र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर गर्ने गर्ने व्यवस्था मिलाउन गै.स.स. महासंघ कास्कीलाई अनुरोध गर्ने ।

८. संकटको समयमा अस्पतालहरुमा हुन सक्ने रगतको अभावलाई पूर्ति गर्न विभिन्न संघ संस्था एवं रक्तदातासंग समन्वय गरी रगत संकलन र आपूर्ति व्यवस्थालाई सुदृढ तुल्याउन नेपाल रेडक्रस सोसाइटी कास्कीलाइ अनुरोध गर्ने ।

९. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) २०७६ लाई अद्यावधिक गरी प्रभावकारी कार्यान्वयनमा ल्याउन तपशिल बमोजिमको कार्यदल गठन गर्ने ।

संयोजकः प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, कास्की
सदस्यः अधिकृत,विपद् व्यवस्थापन शाखा पोखरा महानगरपालिका
सदस्यः रेडक्रस सोसाईटी कास्की